सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

आदेश

०७९-WO-१३८२

विषयः- उत्प्रेषण।

पिडकी गुरुङ भन्ने संजिव गुरुङ समेत---------- निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाण्डौ विपक्षी समेत----------

यसमा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री प्रेम चन्द्र राई, श्री अनुराग देवकोटा, श्री रौनिक राज अर्याल र श्री पुकार दाहालले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु।

साथै अन्तरिम आदेश समेत जारी गरी पाउन माग गरे तर्फ विचार गर्दा अहिले प्रारम्भिक रुपमा हेर्दा नेपालको संविधानको धारा १२ मा लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था रहेको, मुलुकी देवानी संहिता, २०७४ को दफा ६९(१) मा प्रत्येक व्यक्तिलाई विवाह गर्ने स्वतन्त्रता हुने गरी व्यवस्था भएको तथा नेपालको संविधानको धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने व्यवस्था भइरहेको देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोही बमोजिम हुने गरी हाललाई प्रस्तुत रिट निवेदनका निवेदकहरु र निवेदक सरहका जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को

नियम ४९(२)(क) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशानुसार गर्नु भनी विपक्षीहरुलाई लेखी पठाई नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०८० साल आषाढ महिना १२ गते रोज ३ शुभम्----------।